२०७९ सालको ऐन नं. ७

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः ७ मितिः२०७९।०९।१४

## भाग- २

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका बालबालिका सम्बन्धी ऐन, २०७७ को पहिलो संशोधन ऐन, २०७९

**<u>प्रस्तावना:</u>**

हेटौंडा उपमहानगरपालिका बालबालिका सम्बन्धी ऐन, २०७७ को संशोधन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका नगर सभाले यो ऐन संशोधन गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस संशोधन ऐनको नाम "हेटौंडा उपमहानगरपालिका बालबालिका सम्बन्धी ऐन, २०७७ को पहिलो संशोधन ऐन, २०७९" रहेको छ ।

**२. दफा २ को परिभाषा खण्डमा थप हुनेः** दफा २ मा थप हुने परिभाषाहरुः

(ञ) "प्रमुख भन्नाले" हेटौंडा उपमहानगरपालिकाको प्रमुख सम्झनुपर्छ" ।

हेटौंडा राजपत्र

(ट) "परिषद्" भन्नाले राष्ट्रिय बाल अधिकार परिषद् सम्झनुपर्छ" ।

(ठ) "बालसमूह वा बाल संस्था" भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि १८ वर्षसम्मका बालबालिकाले हेटौंडा उपमहानगरपालिकमा सूचीकृत भएको बालसमूह वा बाल संस्था सम्झनु पर्छ ।

(ड) "बाल सञ्जाल" भन्नाले बालसमूह वा संस्थाको सञ्जाल सम्झनु पर्छ ।

(ढ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

(ण) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५को दफा ४८ बमोजिमका बालबालिका भन्ने सम्झनु पर्छ।

(त) "समाजसेवी वा मनोविज्ञ" भन्नाले ऐनको दफा १७ बमोजिम नियुक्त समाजसेवी, बाल मनोविज्ञ एवम् सामाजिक कार्य तथा मनोविज्ञान सम्बन्धमा तालिम प्राप्त गरी बालबालिकालाई सेवा दिने उद्देश्यले सूचीकृत व्यक्ति एवम् सो सम्बन्धमा विशेषज्ञता प्राप्त सूचीकृत संस्थालाई समेत सम्झनु पर्छ ।

(थ) "बाल अधिकार समिति" भन्नाले हेटौंडा उपमहानगरपालिकामा गठित बाल अधिकार समिति सम्झनु पर्छ।

(द) "संस्था" भन्नाले बाल अधिकार संरक्षण र सम्बर्द्धनका लागि प्रचलित कानून बमोजिम दर्ता भई कार्यक्रम सञ्चालन गरिरहेका संघ/संस्था, संगठन तथा सामुदायिक संस्थाहरुलाई सम्झनु पर्छ ।

(ध) "सेवा प्रदायक निकाय" भन्नाले हेटौंडा उपमहानगरपालिकामा सेवा प्रवाह गरिरहेका सरकारी कार्यालय, स्वास्थ्य चौकी, विद्यालय श्रोत केन्द्र, प्रहरी चौकी तथा यस्ता अन्य निकायहरूलाई सम्झनु पर्छ ।

**३. दफा १४ को उपदफा (१) संशोधनः** दफा १४ को उपदफा (१) बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र संवर्द्धन गर्न हेटौडा उपमहानगरपालिकामा देहाय बमोजिमको बाल अधिकार समिति रहने छः

| | |
|---|---|
| (क) उपमहानगरपालिकाको उपप्रमुख | संयोजक |
| (ख) उपप्रमुखले तोकेको नगर सभाका एक महिला सदस्य सहित दुई जना | सदस्य |
| (ग) शिक्षा विकास महाशाखा प्रमुख | सदस्य |
| (घ) हेटौडा अस्पतालको प्रमुख/प्रतिनिधि | सदस्य |
| (ङ) जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि | सदस्य |
| (च) जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रको प्रमुख | सदस्य |
| (छ) जिल्ला बाल न्याय समिति संयोजक/प्रतिनिधि | सदस्य |
| (ज) बाल अधिकारको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाको एक महिला सहित दुई जना | सदस्य |
| (झ) नगरस्तरीय बालसमूह सञ्जालका १ बालक र १ बालिका गरी २ जना | सदस्य |

| | |
|---|---|
| (ञ) उपमहानगरपालिकाको बालबालिका महाशाखा प्रमुख | सदस्य सचिव |

**४. दफा १४ को उपदफा (२) थपः** दफा १४ को उपदफा (२) हेटौंडा उपमहानगरपालिकाको प्रत्येक वडामा देहाय बमोजिमको एक वडा स्तरीय बाल अधिकार समिति रहनेछः

| | |
|---|---|
| (क) वडा अध्यक्ष | संयोजक |
| (ख) वडा अध्यक्षले मनोनित गरेका निर्वाचित एक जना सदस्य | सदस्य |
| (ग) स्थानीय स्वास्थ्य संस्था प्रमुखहरु मध्येबाट एक जना | सदस्य |
| (घ) वडा अध्यक्षले मनोनित गरेको सामुदायिक/ संस्थागत विद्यालयको एक जना प्रधानाध्यापक | सदस्य |
| (ङ) टोल विकास संस्था, महिला जागरण समूह, समाजसेवी तथा स्थानीय गैससमध्येबाट वडा अध्यक्षले मनोनित गरेका १ महिला सहित २ जना | सदस्य |
| (च) स्थानीय प्रहरी प्रमुख | सदस्य |
| (छ) बालअधिकारको क्षेत्रमा कार्यानुभव भएको वडाअध्यक्षले तोकेको १ जना व्यक्ति | सदस्य |
| (ज) वडा स्तरीय बालसमूह सञ्जालका १ बालक १ बालिका गरी २ जना | सदस्य |
| (झ) वडा सचिव | सदस्य सचिव |

**५. दफा १५ को उपदफा (१) थपः** दफा १५ को उपदफा (१) नगर बाल अधिकार समितिको काम कर्तव्य र अधिकारः नगर बाल अधिकार समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**६. दफा १५ को उपदफा (२) थपः** दफा १५ को उपदफा (२) वडा बाल अधिकार समितिको काम कर्तव्य र अधिकारः वडा बाल अधिकार समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बालअधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान, योजना तर्जूमा गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।

(ख) वडाभित्र विशेष संरक्षणको आवश्कयता भएका बालबालिकाको तथ्याङ्क संकलन अद्यावधिक गर्ने र नगर बाल अधिकार समिति समक्ष पठाउने ।

(ग) वडाभित्र बालबालिकाहरुका क्षेत्रमा कार्यरत संघसंस्था, बालक्लब लगायतका सरोकारवालाबीच आवश्यक समन्वय र सहकार्य गरी बाल अधिकारसम्बन्धी संरक्षणात्मक र प्रबर्द्धनात्मक कार्यहरु गर्ने, गराउने ।

(घ) बाल अधिकारका क्षेत्रमा स्थानीय संघसंस्थालाई कार्य गर्न उत्प्रेरित गर्ने, गराउने ।

(ङ) जोखिममा परेका बालबालिकाको तत्काल उद्धारका लागि स्थानीय बाल अधिकार समिति र सम्वन्धित निकायसँग समन्वय गर्ने ।

(च) वडाभित्र बालअधिकार हननका घटनाका सम्वन्धमा सम्वन्धित निकायसंग समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(छ) आवश्यकतानुसार बालबालिकाहरुको निमित्त आकस्मिक कोषको व्यवस्था मिलाउने, मिलाउन लगाउने।

(ज) बालअधिकारको सम्मान, संरक्षणमा र प्रवद्र्धनका लागि वकालत गर्ने र वडा समितिलाई बालअधिकारका क्षेत्रमा आवश्यक सुझाव दिने ।

(झ) वडाभित्र बालबालिकाका सम्वन्धमा भए गरेका कार्यक्रमहरुको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र नगर बालअधिकार समिति समक्ष पठाउने ।

**७. दफा १५ को उपदफा (३) थपः** दफा १५ को उपदफा (३) नगर बालअधिकार समिति तथा वडा बालअधिकार समितिको वैठक सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) समितिको वैठक कम्तिमा वर्षको चारपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ।

(ख) अध्यक्षको निर्देशनमा समितिको वैठक सदस्य सचिवले बोलाउनेछ ।

(ग) सदस्य सचिवले समितिको वैठक वस्ने सूचना र वैठकमा छलफल हुने विषयहरुको सूची बैठक बस्नु अगावै समितिका सदस्यहरुलाई उपलब्ध गराउनुपर्नेछ ।

(घ) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा वढी सदस्य उपस्थित भएमा समितिको वैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(ङ) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूमध्येवाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

(च) वैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बरावर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(छ) समितिको वैठकको निर्णय समितिको अध्यक्षद्धारा प्रमाणित हुनेछ ।

(ज) समितिको वैठक तथा सञ्चालन खर्च उपमहानगरपालिकाको नियमानुसार हुनेछ ।

(झ) वैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेवमोजिम हुनेछ ।

(ञ) समितिको वैठकमा आवश्यकता अनुसार विषयसँग सम्वन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**